सुदूरपश्चिम प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# प्रादेशिक आयुर्वेद चिकित्सालय

धनगढी, कैलाली

## सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति:- २०८१/०१/२६)

प्रादेशिक आयुर्वेद चिकित्सालय धनगढी, कैलालीको अस्थायी संगठन संरचना तथा दरबन्दी तेरिज मध्ये हाल रिक्त रहेको १ जना आयुर्वेद शल्य चिकित्सक नवौं तह सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (२०८१।०२।०९ बुधवार) बेलुकी ५.०० बजे भित्र आवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | विज्ञापन नं. | पद | श्रेणी / तह | सेवा | समुह/ उपसमुह | माग पद संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | २०८०/०८१/०५ | आयुर्वेद शल्य चिकित्सक | ९ औ | स्वास्थ्य | आयुर्वेद/ शल्य | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेदको शल्य विषयमा स्नातकोत्तर (M.S./Ayurved) उपाधि प्राप्त गरेको । |

१. नेपाली नागरिक हुनुपर्नेछ ।

२. **उमेरको हद :-** आवेदन दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

३. **काउन्सिल दर्ता :-** सम्बन्धित व्यवसायिक परिषदमा दर्ता तथा नविकरण समेत हुनुपर्नेछ र प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनु पर्नेछ ।

४. **समकक्षता :-** अन्तराष्ट्रिय शैक्षिक संस्थामा अध्ययन गरी योग्यता हाँसिल गरेका उम्मेदवारले समकक्षताको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

५. **आवेदन दिने विधि :-** योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले आवेदन फराम साथ पेश गर्नुपर्ने कागजात सहितको निवेदन यस चिकित्सालयको प्रशासन शाखामा पेश गर्नु पर्नेछ ।आवेदन फराम नि:शुल्क रुपमा यस चिकित्सालयको प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।

६. **आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :-** आवेदन फारम भरी तोकिएको स्थानमा पासपोर्ट साईजको फोटा टाँसी शैक्षिक योग्यताका प्रमाणपत्रहरु (S.L.C. देखी न्यूनतम माग गरेको शैक्षिक योग्यता सम्मका), सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र (नविकरण सहित), समकक्षताको प्रमाणपत्र, र नेपाली नागरिकताको प्रमाण पत्र अनिवार्य रुपमा तथा माथिल्लो शैक्षिक योग्यता एवं अनुभवको प्रमाणपत्र समेत उपलब्ध भएसम्म स्वं. प्रमाणित आवेदन फराम साथ पेश गर्नु पर्नेछ ।

७. **पाठ्यक्रम :-** लोकसेवा आयोगले सम्बन्धित पदको लागि निर्धारण गरे बमोजिम हुनेछ ।

८. **परिक्षाको किसिम :-** संक्षिप्त सुची र अन्तरवार्ता हुनेछ ।

९. **सेवा सुविधा :-** नियमानुसार

१०. **थप जानकारीका लागि सम्पर्क नम्बर :-** ०९१-५२११३५

.................................

डा. रामकामेश्वर ठाकुर

मेडिकल सुपरिटेण्डेण्ट